# प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

मधेश प्रदेश सभा

जनकपुरधाम

# प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेशका बालिकाहरूको हक, हितको संरक्षण गरी बालिका विरूद्धको जातीय, लैङ्गिक विभेदलाई अन्त्य गर्दै शारीरिक, मानसिक र बौद्धिक विकासका लागि बालिकाहरूको जन्म, पालनपोषण, शिक्षा तथा स्वास्थ्यको प्रत्याभूति गरी वयस्क भएपछि रोजगारीका तयारी समेत गर्न बालिकाको संरक्षण तथा सशक्तीकरण गर्न वाञ्छनीय भएकाले,

मधेश प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बालिका संरक्षण तथा सशक्तीकरण ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अभियान” भन्नाले परिच्छेद-३ मा उल्लिखित बालिका संरक्षण तथा सशक्तीकरण अभियान सम्झनु पर्छ।

(ख) "“तोकिएको” वा “तोकिए" बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "प्रदेश”" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

(घ) “"बाल कल्याण अधिकारी”" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम स्थानीय तहमा नियुक्त भएको वा तोकिएको बाल कल्याण अधिकृत सम्झनु पर्छ ।

(ङ) "“बालिका"” भन्नाले अठार वर्ष उमेर पूरा नगरेको बालिका सम्झनु पर्छ।

(च) “"बालिका कल्याण गृह"” भन्नाले बेवारिस बालिकाको पालनपोषण गर्नका लागि प्रदेश सरकारले दफा

१६ बमोजिम स्थापना गरेको बालिका कल्याण गृह सम्झनु पर्छ।

(छ) “"मन्त्रालय"” भन्नाले बालिकाको संरक्षण तथा सशक्तीकरणसँग सम्बन्धित बिषय हेर्ने प्रदेश मन्त्रालय सम्झनु पर्छ।

(ज) "“समिति"” भन्नाले दफा १५ बमोजिम गठन भएको बालिका संरक्षण तथा सशक्तीकरण समिति सम्झनु पर्छ।

(झ) “"संरक्षक"” भन्नाले बालिकाको हक, हितको संरक्षण गर्न यस ऐन वा प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम संरक्षक तोकिएको बालिकाको हेरचाह गर्ने संस्था समेतलाई जनाउँछ ।

## परिच्छेद-२

## बालिकाको हक अधिकार

३. **बालिकाको नाम राख्ने र जन्म मिति कायम गर्नेः** (१) बालिका जन्मेपछि निजको आमाबाबु भए आमाबाबुले र आमा, बाबु दुबै नभए परिवारका अन्य वयस्क सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार नाम राखिदिनु पर्छ।

(२) उपदफा (१) बमोजिम आमा, बाबु वा परिवारका अन्य वयस्क सदस्य नभएमा वा तत्काल उपलब्ध हुन सक्ने सम्भावना नभएमा निजलाई हेरचाह गर्ने संरक्षकले सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारीसँग परामर्श गरी बालिकाको नाम राखिदिनु पर्छ।

(३) बालिका जन्मेपछि निजको आमाबाबुले र आमा, बाबु दुवै नभएमा परिवारका वयस्क सदस्य वा संरक्षकले प्रचलित कानून बमोजिम जन्म दर्ता गराउनु पर्नेछ ।

(४) कुनै बालिकाको जन्म मिति पत्ता लाग्न नसकेमा निजलाई हेरचाह गर्ने संरक्षकले दर्तावाला चिकित्सकको राय लिई निजको जन्म

मिति कायम गरी प्रचलित कानून बमोजिम जन्म दर्ता गराउनु पर्नेछ।

४. <u>बालिकाको पालनपोषण, शिक्षा र स्वास्थ्योपचार सम्बन्धी व्यवस्था</u>: (१) बालिकाको आमाबाबु भए आमाबाबुले र आमाबाबु दुवै नभएमा परिवारका अन्य वयस्क सदस्यले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार बालिकाको पालनपोषण, शिक्षा र स्वास्थ्योपचार व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बालिकाको पालनपोषण, शिक्षा र स्वास्थ्योपचार गर्नका लागि निजको आमाबाबु वा परिवारका अन्य वयस्क सदस्य तत्काल उपलब्ध नभएमा संरक्षकले बालिकाको पालनपोषण, शिक्षा र स्वास्थ्योपचार गर्नु पर्नेछ ।

(३) बालिकाको आमाबाबु भए आमाबाबुले, आमाबाबु दुवै नभएमा परिवारका अन्य वयस्क सदस्य वा संरक्षकले बालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू दिलाउनु पर्नेछ।

(४) प्रत्येक बालिकालाई शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने तथा

उमेरगत परिपक्वता अनुरूप शरीर तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ।

(५) प्रत्येक बालिकालाई प्रचलित कानून बमोजिम आधारभूत स्वास्थ्य उपचार निःशुल्क पाउने अधिकार हुनेछ।

(६) प्रदेश सरकारले बालिकाको पोषण, शिक्षा तथा स्वास्थ्य हितको प्रवर्द्धनका लागि तोकिए बमोजिम विशेष व्यवस्था गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको विशेष व्यवस्था गर्दा प्रदेश सरकारले स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

५. <u>भेदभाव गर्न नहुने</u>: (१) कसैले पनि बालिकाको पालनपोषण, शिक्षादीक्षा, स्वास्थ्योपचार तथा रेखदेखमा बालिका भएकै कारण कुनै प्रकारको भेदभाव गर्नु हुँदैन ।

(२) प्रचलित कानून बमोजिम पैतृक सम्पत्तिमा छोरा, छोरीको समान अधिकार हुनेछ र छोरी भएकै कारण आमाबाबुको सम्पत्तिको हक प्राप्तिमा निजप्रति कुनै भेदभाव गर्न हुँदैन।

६. <u>क्रुर वा अमानवीय व्यवहार गर्न नहुने</u>: (१) कसैले पनि बालिकाप्रति क्रुर वा अमानवीय तथा

आत्मसम्मानमा ठेस पुग्ने अपमानजनक व्यवहार गर्न, गराउन हुँदैन ।

(२) कसैले पनि बालिकालाई शारीरिक वा मानसिक प्रताडना दिने तथा निर्मम, आघात पुग्ने तथा शोषणपूर्ण कुनै व्यवहार एवं कार्य गर्न गराउन हुँदैन ।

७. <u>बालिकालाई यौनजन्य क्रियाकलाप, अश्लिल चित्रण, अनैतिक वा गैरकानूनी कार्यमा संलग्न गराउन नहुने</u>: (१) कसैले पनि बालिकालाई यौनजन्य क्रियाकलाप, अश्लिल चित्रण,अनैतिक कार्य, पेशा वा व्यवसायमा लगाउन वा प्रयोग गर्नु हुँदैन ।

(२) बालिकालाई यौनजन्य क्रियाकलाप, अश्लिल चित्रण, अनैतिक कार्य, पेशा वा व्यवसायमा लगाउने उद्देश्यले निजको फोटो भिडियो खिच्न वा खिच्ने अनुमति दिन, त्यस्तो फोटो भिडियो सङ्ग्रह वा भण्डारण, बिक्री-वितरण, प्रचारप्रसार वा प्रदर्शन गर्न, गराउन हुँदैन।

(३) कुनै बालिकाको चरित्रमा आघात पर्ने, निजलाई लाज, ग्लानी वा अपहेलना हुने तथा अश्लिल वा यौनजन्य व्यवहार झल्कने किसिमको व्यक्तिगत घटना, विवरण वा फोटो भिडियो

बनाउन, सङ्ग्रह तथा भण्डारण गर्न, प्रकाशन वा मुद्रण गर्न, बिक्री-वितरण गर्न, प्रदर्शन गर्न, गराउन हुँदैन।

(४) बालिकालाई धूम्रपान, मद्यपान, मादक पदार्थ, लागु औषध वा यस्तै अन्य नसाजन्य पदार्थको लतमा फसाउन तथा त्यस्ता पदार्थको उत्पादन, बिक्री-वितरण वा ओसारपसार गर्ने काममा लगाउन हुँदैन ।

(५) कसैले पनि बालिगका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा बालिकालाई प्रवेश गराउन वा प्रयोग गर्न तथा बालिगका लागि भनी तोकिएका चलचित्र वा श्रव्य-दृश्य सामग्री देखाउन हुँदैन।

(६) यस दफा बमोजिम निषेध गरिएका कुनै पनि कार्य प्रचलित कानून बमोजिम दण्डनीय हुनेछ र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउनेछ।

८. <u>विवाहको लागि कर गर्न तथा बालिकाको विवाहबारे कुनै बाचा गर्न नहुने</u>: (१) कसैले पनि बालिकाको मञ्जुरी लिई वा नलिई निजको विवाह तय गर्न वा

निजसँग विवाह गर्न वा गराउन हुँदैन ।

(२) कसैले पनि बालिकालाई विवाह गर्न करकाप गरी वा डरत्रास वा धाकधम्की दिई, ललाइफकाई वा अनुचित प्रभाव तथा प्रलोभनमा पारी विवाह गर्न बाध्य पार्न हुँदैन।

(४) कुनै समुदाय विशेषको सांस्कृतिक एवं धार्मिक प्रचलनको आधार दर्शाई छोरी जन्मिए लगत्तै वा बालिकाको उमेर विवाहको लागि कानूनले तोके बमोजिम पूरा नभई कुनै पनि आमा, बाबु वा परिवारको अन्य सदस्यले निजको विवाहका बारेमा कुनै बचन दिन, बाचा गर्न वा त्यस्तो आशय झल्कने व्यवहार प्रकट गर्न हुँदैन ।

(५) बालिकाको आमा, बाबु वा परिवारको अन्य सदस्यले कानूनले तोकेको उमेर पुगेपछि छोरीको विवाह गरिदिने शर्त राखी कुनै व्यक्ति वा परिवारबाट कुनै किसिमको चल, अचल सम्पत्तिको लेनदेन गर्न वा गराउन हुँदैन।

(६) यस दफा बमोजिम निषेध गरिएका कुनै पनि कार्य प्रचलित कानून बमोजिम दण्डनीय

हुनेछ र कुनै बालिकाको विवाह भएकोमा कानून बमोजिम स्वतः बदर हुनेछ ।

९. <u>लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने</u>: (१) कसैले पनि गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्न, गराउन र त्यसरी लिङ्ग पहिचान गरी बालिका भएको कारण गर्भपतन गर्न, गराउन हुँदैन।

(२) कसैले पनि गर्भवती महिलाको स्वास्थ्य र गर्भमा रहेको भ्रुणको स्वस्थ्य विकासमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने भन्ने जानी-जानी कुनै काम वा व्यवहार गर्न, गराउन हुँदैन।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतप्राप्त चिकित्सकले प्रचलित कानून बमोजिम गर्भपतन गर्न, गराउन बाधा परेको मानिने छैन ।

१०. <u>स्थानीय तहले बालिकाको अधिकार प्रचलन गराउने</u>: (१) कसैले यस ऐन बमोजिमका बालिकाको अधिकार उल्लङ्घन गरेमा वा बालिकाप्रतिको दायित्व पूरा नगरेमा सो हकको प्रचलन गराउनको लागि सम्बन्धित बालिका वा सरोकारवालाले बालिका रहे बसेको स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि न्यायिक समितिले आवश्यक जाँचबुझ गर्दा सम्बन्धित व्यक्तिले बालिकाको अधिकार उल्लङ्घन गरेको वा कोही कसैले उनीहरूप्रतिको दायित्व पूरा नगरेको देखिएमा बालिकाको अधिकार प्रचलन गराउन वा निजप्रतिको दायित्व पूरा गर्न स्थानीय तहका सम्बन्धित व्यक्ति, परिवार, संस्था वा निकायलाई आवश्यक आदेश दिन सक्नेछ ।

११. <u>बालिकाको हकको प्रचलन गराउने:</u> (१) दफा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि कोही कसैले बालिकाको अधिकार उल्लङ्घन गरेको देखिएमा वा बालिकाप्रतिको दायित्व पूरा नगरेको देखिएमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनका लागि बालिकाको तर्फबाट जो सुकैले पनि बालिका रहे बसेको स्थान क्षेत्राधिकार भएको उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा उच्च अदालतले सो सम्बन्धमा बालिकाको अधिकार प्रचलन वा निजप्रतिको दायित्व पूरा गराउन सम्बन्धित व्यक्ति, परिवार, संस्था, अधिकारी

वा निकायलाई अन्तरिम संरक्षणात्मक तथा अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(३) प्रारम्भिक छानबिनबाट बालिकालाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीको अन्तिम निर्णय नभएसम्मको लागि सम्बन्धित व्यक्ति, परिवार, संस्था, अधिकारी वा निकायका नाममा देहाय बमोजिम अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्नेछः–

(क) बालिकालाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) बालिकालाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन,

(ग) गाली बेइज्जती गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(घ) कुनै किसिमको सञ्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

(ङ) बालिकाको हित र सुरक्षाको निमित्त अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन ।

(४) उपदफा (२) बमोजिम आदेश जारी गर्दा उच्च अदालतले बालिकाको अधिकार उल्लङ्घन गर्ने वा बालिकाप्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, परिवार, संस्था, अधिकारी वा निकायलाई सचेत गराउन, प्रचलित कानून बमोजिम सजाय गर्न र निजबाट क्षतिपूर्ति भराउने आदेश समेत गर्न सक्नेछ ।

## परिच्छेद-३

## बालिका संरक्षण तथा सशक्तीकरण अभियान

१२. बालिकाको लागि अनिवार्य तथा निःशुल्क शिक्षा अभियान सञ्चालन गर्नु पर्नेः (१) प्रदेश सरकारले स्थानीय तह मार्फत प्रदेशमा बसोबास गर्ने चार वर्ष पूरा भएका प्रत्येक बालिकालाई विद्यालयमा भर्ना गरी, गराई अनिवार्य तथा निःशुल्क शिक्षा अभियान सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियान अन्तर्गत प्रदेशमा बसोबास गर्ने बालिकालाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अभियान अन्तर्गत प्रदेश सरकारले स्थानीय तह मार्फत् अति विपन्न, दलित, सहिद, पूर्ण अशक्त अपाङ्गता वा अति अशक्त अपाङ्गता भएका परिवारका सन्तति एवं अपाङ्गता भएका बालिकालाई विद्यालय भर्ना गर्न तथा उनीहरूको पठन पाठनलाई निरन्तरता दिन तोकिए बमोजिम छात्रवृत्ति, विद्यालय पोशाक, पुस्तक, स्टेशनरी, सेनिटरी प्याड लगायतका सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) समेतको प्रयोजन तथा बालिका शिक्षा अभियानको लागि प्रदेश सरकारले आफ्नो वार्षिक बजेट मार्फत् प्रत्येक स्थानीय तहलाई अनुदान उपलब्ध गराउनेछ।

(५) प्रदेश भित्रका आर्थिक, सामाजिक वा शैक्षिक रूपमा विपन्न, दलित वा अल्पसङ्ख्यक परिवारका बालिकाको शिक्षा तथा संरक्षणको लागि अभिभावकत्व ग्रहण गर्न शिक्षाप्रेमी, बुद्धिजीवी तथा

समाजका अन्य प्रतिष्ठित व्यक्तिलाई प्रोत्साहित गर्नका लागि तोकिए बमोजिमको विभिन्न कार्यक्रम गरिनेछ ।

(६) उपदफा (५) बमोजिम बालिकाको अभिभावकत्व ग्रहण गर्ने व्यक्तिलाई प्रदेश सरकारले सम्मान गर्नेछ।

(७) उपदफा (५) बमोजिम बालिकाको अभिभावकत्व ग्रहण गर्ने सम्बन्धी प्रक्रिया तथा त्यस्ता व्यक्तिको दायित्व तोकिए बमोजिम हुनेछ ।

१३. <u>बालिका संरक्षणसम्बन्धी विशेष अभियान सञ्चालन गरिने:</u> (१) प्रदेश सरकारले स्थानीय तहसँग समन्वय एवं सहकार्य गरी बालिकाको हक, हितको संरक्षण गर्नको लागि प्रदेशभर बालिका संरक्षणसम्बन्धी विशेष अभियान सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियान सञ्चालन गर्नको लागि प्रदेश सरकारले प्रचलित कानून बमोजिमको प्रत्येक स्थानीय तहको बालअधिकार समितिको क्षमता अभिवृद्धि गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अभियान सञ्चालन गर्ने सम्बन्धमा स्थानीय तहको

बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय पञ्जिकाधिकारीसँग समन्वय गरी स्थानीय तहमा जन्मिएका तथा जन्मदर्ता भएका बालिकाको तथ्याङ्क सङ्कलन गर्ने र तत्काल निजलाई प्रदेश सरकारले निर्धारण गरेको रकम बराबरको बालिका सुरक्षा बिमा गराउन सहजीकरण गर्ने,

(ख) स्थानीय तहमा रहेबसेका चार वर्ष उमेर पूरा गरेका प्रत्येक बालिका विद्यालय भर्ना भएको सुनिश्चित गर्ने र कुनै कारणले कुनै बालिका विद्यालय भर्ना नभएको पाइएमा सम्बन्धित वडा समिति, विद्यालय तथा गैरसरकारी संस्थासँग समन्वय गरी निजलाई विद्यालयमा भर्ना गर्ने, गराउने,

(ग) स्थानीय तहभित्र बालिकामाथि कुनै किसिमको भेदभाव, हिंसा, दुर्व्यवहार वा शोषण भएको वा हुन लागेको

थाहा भएमा त्यसबारे न्यायिक समिति र स्थानीय तहको बाल कल्याण अधिकारीलाई जानकारी दिई यथाशीघ्र सम्बोधनको प्रक्रिया अघि बढाउने,

(घ) खण्ड (ग) बमोजिम बालिकामाथि कुनै भेदभाव, हिंसा, दुर्व्यवहार वा शोषण भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी निकायसँग समन्वय गरी बालिकाको सुरक्षाको प्रबन्ध गर्ने, गराउने,

(ङ) बालिकाको हक अधिकारको संरक्षणसम्बन्धी प्रचलित कानूनको व्यवस्था र यसबारे नेपाल सरकार तथा प्रदेश सरकार एवं स्थानीय तहको नीति तथा कार्यक्रम बारे जनचेतना जगाउने,

(च) लैङ्गिकको आधारमा बालिकामाथि गरिने भेदभावलाई निरूत्साहित गर्न त्यस्तो भेदभाव गर्ने व्यक्ति तथा

परिवारलाई लक्षित गरी अभिभावक शिक्षा तथा जनचेतनामूलक कार्यक्रम गर्ने, गराउने,

(छ) बालिकाको स्वास्थ्य उपचारको सुनिश्चितताका लागि प्रदेश सरकारले छोरी स्वास्थ्य बीमा कार्यक्रमको लागि आवश्यक अनुदान तथा आवश्यक अन्य व्यवस्थापन गर्ने गराउने,

(ज) बालिका संरक्षणसम्बन्धी विशेष अभियानको प्रभावकारी सञ्चालन गर्नका लागि प्रदेश सरकारले सुम्पेका तथा तोकिएबमोजिम अन्य काम गर्ने, गराउने ।

१४. <u>बालिका सुरक्षा बिमा गरिनेः</u> (१) यो ऐन लागु भए पश्चात् जन्मिएका प्रत्येक बालिकाको सुरक्षाको लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी निजको बिमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने बिमाको रकम एक लाख रूपैयाँको गर्नेछ ।

(३) यस दफा बमोजिम गरिने बिमाको लागि प्रदेश सरकारले प्रचलित कानून बमोजिम दर्ता नवीकरण भई इजाजतप्राप्त बिमा कम्पनी वा "क" वर्गको बैङ्कसँग सम्झौता एवम सहकार्य गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम गरिने बिमाको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ ।

(५) यस दफा बमोजिम गरिने बिमाको रकम बालिकाको उमेर अठार वर्ष पूरा भएपछि प्रदेश सरकारले निजलाई एकमुष्ट रूपमा प्रदान गर्नेछ ।

(६) यस दफा बमोजिम गरिने बिमाको अनुगमन गर्ने जिम्मेवारी समितिको हुनेछ ।

(७) बालिका सुरक्षा बिमासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## बालिका संरक्षण तथा सशक्तीकरणका लागि संस्थागत व्यवस्था

१५. बालिका संरक्षण तथा सशक्तीकरण समितिः (१) यो ऐन तथा अन्य प्रचलिन कानून बमोजिम बालिकाको

हक अधिकारको संरक्षण तथा सशक्तीकरण गर्न र प्रदेश सरकारको नीति, कार्यक्रम तथा लक्षित अभियानको कार्यान्वयनको समन्वय, रेखदेख एवं अनुगमन गर्नका लागि मन्त्रालयमा एक बालिका संरक्षण तथा सशक्तीकरण समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका समिति देहायका बमोजिम हुनेछः

(क) स्नातक तह उपाधि हासिल गरी बालिका एवं महिला अधिकार संरक्षण तथा सशक्तीकरणको क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेका प्रदेशभित्रका समाजसेवी तथा अधिकारीकर्मी महिलामध्येबाट प्रदेश सरकारले मनोनयन गरेको व्यक्ति -अध्यक्ष

(ख) बालिका एवं महिला अधिकार संरक्षण तथा सशक्तीकरणको क्षेत्रमा कम्तिमा पाँच वर्ष काम गरेर उत्कृष्ट योगदान पुऱ्याएका प्रदेश भित्रका समाजसेवी वा अधिकारकर्मीमध्येबाट प्रदेश

सरकारले मनोनयन गरेको एकजना -सदस्य

(ग) बालिकाको संरक्षण तथा सशक्तीकरणसँग सम्बन्धित विषय हेर्ने मन्त्रालयले तोकेको सातौं/आठौं तह अधिकृतस्तरको कर्मचारी - सदस्य-सचिव

(३) समितिका अध्यक्ष तथा सदस्यको नियुक्तीको प्रक्रिया, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. <u>बालिका कल्याण गृहः</u> (१) हिंसा वा कसुरबाट पीडित बालिकाको तत्काल उद्धार तथा संरक्षण गरी सुरक्षित बसोबासको व्यवस्था गर्न प्रदेश सरकारले आवश्यकतानुसार बालिका कल्याण गृहको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको बालिका कल्याण गृहले हिंसा वा कसुरबाट पीडित बालिकाको शारीरिक वा मानसिक उपचार गराउने, पारिवारिक पुनर्मिलन वा सामाजिक पुनर्स्थापना गराउने कार्य समेत गर्नु, गराउनु पर्नेछ ।

(३) कुनै बालिका आमा, बाबु, परिवारका सदस्य वा अभिभावकबाट हिंसा, दुर्व्यवहार, शोषणमा परेमा वा वेवास्ता भई आफ्नै घर-परिवारमा असुरक्षित भई सोको उजुरी स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी वा समिति समक्ष पर्न आएमा सम्बन्धित बाल कल्याण अधिकारीको सिफारिस लिई समितिले निजलाई बालिका कल्याण गृहमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

(४) मन्त्रालयले बालिका कल्याण गृहमा अधिकृत सातौं तह वा सो सरहको एक महिला कर्मचारी व्यवस्थापन सहित अन्य आवश्यक महिला कर्मचारी खटाउनेछ ।

(५) उपदफा (१) बमोजिमको बालिका कल्याण गृहमा देहायको व्यवस्था भएको हुनुपर्नेछः

(क) सुरक्षित बसोबास तथा संरक्षणको लागि आधारभूत सुविधा सहितको भौतिक पूर्वाधार एवं संरचना,

(ख) खानपानको व्यवस्था तथा लुगाफाटो, ओढ्ने ओछ्याउने आदिको व्यवस्था,

(ग) आवश्यकतानुसार मनोविमर्श तथा मनोसामाजिक सहयोग,

(घ) आवश्यकतानुसार स्वास्थ्य सेवा, स्वास्थोपचार तथा स्वास्थ्य परामर्श सेवा,

(ङ) आवश्यकतानुसार कानूनी सेवा तथा परामर्श,

(च) शिक्षाको प्रबन्ध,

(छ) तोकिए बमोजिम दक्ष र तालिम प्राप्त कर्मचारी ।

(६) उपदफा (१) बमोजिमको बालिका कल्याण गृहको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय एवं सहकार्य गरी गर्नेछ।

(७) बालिका कल्याण गृहको स्थापना, सञ्चालन, व्यवस्थापन, आवश्यक सेवा सुविधा, कर्मचारीको व्यवस्था (पद, सङ्ख्या, न्युनतम योग्यता तथा अनुभव, नियुक्ती र सेवाको शर्त समेत), अनुगमन लगायतका अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-५

## बालिकाको वैकल्पिक हेरचाह तथा संरक्षकसम्बन्धी व्यवस्था

१७. **आमा बाबु वा अभिभावक विहीन बालिकाको हेरचाह र निजको सम्पत्तिको जिम्माः** (१) कुनै बालिका आमाबाबु वा अभिभावक विहीन भएको र निजको हेरचाह गर्न एकाघरका वयस्क सदस्य नभएको कुराको जानकारी प्राप्त भएमा सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारीले निजको वैकल्पिक हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वैकल्पिक हेरचाह तथा संरक्षणको प्रबन्ध गर्दा बालिकाको आमा वा बाबुको तर्फका नजिकको नातेदारसँग राखेर निजको हेरचाह, पालनपोषण, शिक्षादीक्षा र स्वास्थोपचार गर्ने, गराउने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको नजिकका नातेदार फेला नपरेमा वा फेला परेर पनि त्यस्ता नातेदारले बालिकाको हेरचाह, पालनपोषण तथा संरक्षणको जिम्मा लिन नमानेमा बाल कल्याण अधिकारीले निज बालिकालाई बालिका कल्याण गृहमा राखी हेरचाह गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा बालिकाको आवश्यकता, उपयुक्त स्वरूपको हेरचाहको छनोट तथा निजको सर्वोत्तम हितअनुरूप हुनु पर्नेछ र पाँच वर्षभन्दा बढी उमेरको बालिकाको हकमा त्यस्तो प्रबन्धबारे निजको विचार बुझ्नु पर्छ।

(५) यस दफा बमोजिम कुनै बालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा निजको हक लाग्ने सम्पत्ति भए सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारीले सम्बन्धित वडाको वडा अध्यक्ष र अर्को एकजना स्थानीय व्यक्तिको रोहवरमा त्यस्तो सम्पत्तिको फाँटबारी तयार गरी तथा तत्सम्बन्धी कागजातको फायल बनाई निजको पालनपोषण गर्ने व्यक्ति, परिवार वा संस्थालाई दिई बालिकाको सम्पत्तिको सुरक्षा गर्ने जिम्मा दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सम्पत्तिको फाँटबारी र कागजातको फोटोकपी वा सफ्टकपी बाल कल्याण अधिकारीले स्थानीय तहमा सुरक्षित राख्नु पर्नेछ ।

(७) उपदफा (५) बमोजिमको बालिकाको हक लाग्ने सम्पत्तिको विवरण तथा रेखदेख गर्न जिम्मा दिइएको व्यक्तिबारे सम्बन्धित वडा र मालपोत कार्यालयलाई समेत जानकारी दिई सम्पत्ति सुरक्षा गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१८. <u>संरक्षकको नियुक्तिः</u> (१) कुनै बालिका आमा बाबुविहीन भएको र निजको हेरचाह गर्न एकाघरका वयस्क सदस्य नभएको तथा आमा बाबु जीवितै भए पनि गम्भीर शारिरीक वा मानसिक अपाङ्गता अशक्तता भएको कारण आफ्ना सन्तानको पालनपोषण वा हेरचाह गर्न नसक्ने भएमा त्यस्तो परिवारको बालिकालाई प्रचलित कानून बमोजिम संरक्षक नियुक्त गर्न सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारीले अदालतमा निवेदन दिन सहजीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम देहायका व्यक्ति बालिकाको संरक्षक हुन सक्ने छैनः-

(क) असक्षम वा अर्धसक्षम व्यक्ति,

(ख) असक्षम वा अर्धसक्षम व्यक्तिको हक वा हितविपरित काम गरेको प्रमाणित भएको व्यक्ति,

(ग) अदालतबाट तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको व्यक्ति,

(घ) जबर्जस्ती करणी, यौन दुर्व्यवहार, घरेलु हिंसा वा बालबालिका विरूद्धको कसुर तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूदार ठहरिएको व्यक्ति ।

(३) उपदफा (१) बमोजिम संरक्षक नियुक्त हुनको लागि देहाय बमोजिमको योग्यता भएको हुनु पर्छः-

(क) शारीरिक वा मानसिक रूपमा बालबालिकाको हेरचाह गर्न सक्षम भएको,

(ख) पूर्ण अशक्त अपाङ्गता वा अति अशक्त अपाङ्गता नभएको,

(ग) दीर्घकालसम्म उपचार गर्नुपर्ने रोग, मानसिक रोग नलागेको तथा लागु

पदार्थ दुर्व्यसन वा कूलतमा नफसेको भनी दर्तावाल चिकित्सकले सिफारिस गरेको,

(घ) समाजमा घुलमिल हुने र समाजमा स्वीकार्य व्यवहार गर्ने ठानिएको र

(ङ) बालिकाको हेरचाहको सम्बन्धमा समाजसेवीले गरेको लेखाजोखा प्रतिवेदनमा निजलाई हेरचाहको लागि उपयुक्त ठहर्‍याइएको ।

(४) पाँच वर्षभन्दा बढी उमेरको बालिकाको हकमा संरक्षक बन्ने व्यक्ति बारे निजको विचार बुझ्नु पर्नेछ र स्वीकार गरेको हुनु पर्छ ।

(५) यस दफाको अतिरिक्त संरक्षकसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ

१९. <u>जोखिम अवस्थामा रहेका परिवारको पहिचान गरी सहयोग र संरक्षण गर्न सकिनेः</u> (१) कुनै पनि बालिका परिवारबाट बिछोड हुन नपरोस् भनेर मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग समन्वय एवं सहकार्य गरी जोखिम अवस्थामा रहेका परिवारको

पहिचान गरी यस्ता परिवारको सक्षमता अभिवृद्धी गर्न योजना बनाई लागु गर्नु पर्छ ।

(२) प्रदेश सरकारले शारीरिक वा मानसिक अपाङ्गता वा असक्तता तथा आर्थिक अवस्था वा गरिबीको कारणले आफ्नो सन्तानको उचित हेरचाह, पालनपोषण, शिक्षादीक्षा, स्वास्थोपचार एवं संरक्षण गर्न असमर्थ आमा, बाबु वा परिवारलाई लक्षित गरी तोकिएबमोजिम आर्थिक उपार्जन तथा सामाजिक सुरक्षा सहयोगको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-६

## कसुर तथा सजाय

२०. बालिका विरूद्धको कसुर मानिनेः प्रचलित कानून बमोजिम बालिका विरूद्धको कसुर ठहरिने कुनै व्यवहार, काम गरे, गराएमा हुने कारबाही तथा सजायबारे भएको व्यवस्थामा कुनै असर नपर्ने गरी कुनै व्यक्तिले देहायको कुनै काम गरे, गराएमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछः

(क) पाँच वर्ष उमेर पूरा भएका बालिकालाई विद्यालयमा भर्ना नगराई निजलाई शिक्षाको

अवसरबाट बचित गर्ने कुनै काम कारबाही गरे गराएमा,

(ख) दफा ५ मा उल्लेख गरिए बमोजिम स्याहारसुसार, पालनपोषण, शिक्षादीक्षा, स्वास्थोपचार, खेलकुद र मनोरञ्जनको अवसर दिँदा छोरा वा छोरी र छोरी छोरी बीच भेदभाव हुने काम कारबाही गरे गराएमा,

(ग) विद्यालय जाने कुनै बालिकालाई कुनै खास समुदाय, जातजाति, अपाङ्गता भएका कारणले विद्यालयमा भेदभाव गर्ने वा पढ्ने वातावरण नदिई शिक्षाबाट बञ्चित गर्ने काम गरे गराएमा,

(घ) बालिकालाई घर, विद्यालय वा जुनसुकै स्थानमा कुटपिट गर्ने, शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कुनै काम कारबाही गरेमा,

(ङ) बालिकालाई व्यावसायिक प्रयोजनको लागि सर्कस, नाटक तथा वयस्क

मनोरञ्जनस्थल वा जोखिमपूर्ण श्रममा संलग्न गराएमा,

(च) संरक्षकले यस ऐनको व्यवस्था तथा प्रचलित कानून बमोजिम आफ्नो हेरचाहमा रहेको बालिकाको पालनपोषण, हेरचाह, शिक्षादीक्षा, स्वास्थोपचार, संरक्षणको दायित्व निर्वाह नगरेमा तथा बालिकाको सम्पत्तिको सुरक्षा नगरी हानि नोक्सानी गरे, गराएमा ।

२१. <u>सजायः</u> देहायको कसुर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः

(क) दफा २० को खण्ड (क), (ख) र (ग) बमोजिमको कसुर गर्ने गराउनेलाई पचास हजार रूपैयाँसम्म जरिवाना,

(ख) दफा २० को खण्ड (घ) बमोजिमको कसुर गर्ने गराउनेलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना,

(ग) दफा २० को खण्ड (ङ), र (च) बमोजिमको कसुर गर्ने गराउनेलाई पचहत्तर हजार रूपैयाँसम्म जरिवाना,

(घ) दफा २० को खण्ड (छ) बमोजिमको कसुर गर्ने गराउनेलाई एक लाख रूपैयाँसम्म जरिवाना र हानी नोक्सानी भएको सम्पति बिगो बराबरको क्षतिपूर्ति भराईदिनु पर्ने छ ।

२२. <u>हदम्यादः</u> (१) यस ऐनबमोजिम सजाय हुने कसुरको सम्बन्धमा प्रचलित कानूनमा कुनै हदम्याद तोकिएकोमा त्यस्तो हदम्यादभित्र र हदम्याद नतोकिएकोमा सो कसुर भए, गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर नगरिएको आवस्थामा भने प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालिका विरूद्धको कसुरको मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालिका अठार वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम रहनेछ।

२३. कानून व्यवसायी नभएमा मुद्दाको कारबाही र किनारा नहुनेः प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भए तापनि कुनै बालिका विरूद्ध लगाइएको कसुरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यावसायीको उपस्थिति नभएसम्म अदालतले त्यस्तो मुद्दाको कारबाही र किनारा गर्ने छैन।

२४. मुद्दाको कारबाहीमा प्राथमिकता दिनु पर्नेः यस ऐन बमोजिमको मुद्दाको कारबाही तथा किनारा गर्दा सम्बन्धित अदालतले प्राथमिकता दिनु पर्नेछ ।

२५. शुरू कारबाही गर्नेः यो ऐनको दफा २० बमोजिमको कसूर सम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार प्रचलित कानून बमोजिम सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

२६. पुनरावेदनः ऐनको दफा १० को हकमा सम्बन्धित जिल्ला अदालत र यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दामा प्रचलित कानून बमोजिमको अदालतको निर्णयमा चित्त नबुझाउने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतिस दिनभित्र प्रचलित कानून बमोजिमको एक तह माथिको अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-७

## विविध

२७. **निर्देशन दिन तथा निरीक्षण एवं अनुगमन गर्न सक्ने:** (१) बालिकाको हक हितको संरक्षणगरी यस ऐनको प्रभावकारी कार्यान्वयन गर्ने प्रयोजनको लागि प्रदेश सरकार र मन्त्रालयले सम्बन्धित निकायलाई आवश्यक निर्देशन तथा आदेश दिन सक्नेछ। यसरी दिइएको निर्देशन तथा आदेशको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) प्रदेश सरकार तथा मन्त्रलाय वा प्रदेश सरकारबाट अख्तियारी प्राप्त निकायले यस ऐनको प्रभावकारी कार्यान्वयन भए, नभएको कुराको सम्बन्धमा सम्बन्धित निकायको निरीक्षण एवं अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण एवं अनुगमन गरिएपछि मन्त्रालयलाई आवश्यक निर्देशन तथा सुझाव सहितको प्रतिवेदन दिनु पर्नेछ ।

२८. **बालिका संरक्षणसम्बन्धी मापदण्ड लागु गर्नु पर्ने:** (१) बालिकासँग प्रत्यक्ष काम गर्ने सार्वजनिक निकाय, विद्यालय, निजी क्षेत्र एवं सामाजिक

संस्थाहरूले बालिका विरूद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालिका संरक्षण मापदण्ड निर्माण गरी लागु गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको बालिका संरक्षण मापदण्ड कार्यान्वयन गर्नु विद्यालय, प्रत्येक सार्वजनिक निकाय, निजी क्षेत्र एवं सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ ।

२९. <u>अधिकार प्रत्यायोजन गर्न सक्नेः</u> यस ऐनको कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेश सरकार, समिति वा कुनै अधिकारीलाई प्राप्त अधिकार अन्य कुनै निकायका पदाधिकारी तथा कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

३०. <u>यसै ऐन बमोजिम हुनेः</u> यस ऐनमा लेखिए जति व्यवस्थामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

३१. <u>नियम बनाउने अधिकारः</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बानाउन सक्नेछ ।

३२. <u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यकतानुसार निर्देशिका, मापदण्ड कार्यविधि बनाई लागु गर्न सक्नेछ ।